बागमती गाउँपालिका
गाँउ कार्यपालिकाको कार्यालय
भट्टेडाँडा, ललितपुर
बागमती प्रदेश, नेपाल

## सेवा करार लिने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७७/०६/२३**

स्थानीय तहमा कोभिड १९ अस्थायी अस्पताल संचालन सम्बन्धी मार्गदर्शन २०७७ र यस कार्यालयको निर्णयानुसार यस गाँउपालिका स्तरीय कोभिड अस्थायी अस्पताल सञ्चालनको लागि तपसिल बमोजिमको पदमा देहायको संख्या र योग्यता भएका कर्मचारी सेवा करारमा राख्नुपर्ने भएकाले निम्न बमोजिम योग्यता पुगेको इच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्रमा माग बमोजिमको विवरण राजस्व तिरेको रसिद सहित यस गाउँ कार्यपालिकाको कार्यालयमा दरखास्त दिन हुन अनुरोध छ। आवश्यक योग्यता र अनुभव, शर्त र मापदण्ड, दरखास्त दिने स्थान, दरखास्त दिने अन्तिम मिति, आवेदन दस्तुर, छनोटको किसिम, आवेदनसाथ संलग्न राख्नु पर्ने कागजातहरु, सेवा सुविधा, सेवा करार अवधि, उमेर र पदले सम्पादित गर्नुपर्ने कार्य विवरण आदि विषयको विस्तृत जानकारी यस गाउँपालिकाको वेवसाइट www.bagmatimunlalitpur.gov.np र यस गाउँपालिकाको सूचना पाटीमा हेर्न सकिने व्यहोरासहित सार्वजनिक रुपमा यो सूचना प्रकाशन गरिएको छ।

तपसिल

| सि.नं. | विज्ञापन नं. | पद | संख्या | परीक्षा दस्तुर | योग्यता |
|---|---|---|---|---|---|
| १ | २-१/२०७७/७८ | मेडिकल अधिकृत | १ | रु. १०००/- | नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट MBBS उत्तीर्ण गरि नेपाल मेडिकल काउन्सिलको प्रमाणपत्र प्राप्त गरेको। |
| २ | २-२/२०७७/७८ | स्टाफ नर्स | २ | रु. ५००/- | नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट नर्सिङ बिषयमा प्रवीणता प्रमाणपत्र उतिर्ण गरि नर्सिङ काउन्सिलबाट प्रमाणपत्र प्राप्त गरेको। |
| ३ | २-३/२०७७/७८ | कार्यालय सहयोगी | १ | रु. ३००/- | कम्तिमा कक्षा ८ उत्तीर्ण भएको। |

**१. शर्त र मापदण्डः** नेपाली नागरिक भएको र प्रचलित कानुनद्वारा अयोग्य नठहरेको हुनपर्ने।

**२. परीक्षाको किसिमः** अन्तर्वार्ता। (बागमती गाँउपालिकाबाट जारी भएको करार सेवामा कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि बमोजिम।)

**३. आवेदन दिने मिति र स्थानः** सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र यस गाउँ कार्यपालिकाको कार्यालयमा कार्यालय समय भित्र दरखास्त दिन सकिने छ।

**४. सर्म्पक मितिः** सूचना प्रकाशन भएको ८ औं दिनमा र सो दिन सार्वजानिक विदा पर्न गएमा सोको भोलि पल्ट यस गाँउ कार्यपालिकाको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क गर्न सकिनेछ।

**५. काम गर्नुपर्ने स्थान र कार्य विवरण :** यस गाँउपालिका स्तरीय कोभिड अस्थायी अस्पताल, गाँउपालिकासँग भएको करार सम्झौता अनुसार।

**६. सेवा सुविधा :** करार शर्तमा उल्लेखित गरिए बमोजिम हुने।

**७. उमेर :** दरखास्त दिने अन्तिम मितिसम्म १८ बर्ष पुरा भई ४० बर्ष ननाघेको।

**८. करार अवधि :** ३ महिनाको लागि मात्र र पछि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले गरेको निर्णय बमोजिम हुनेछ।

**९. दरखास्त फारम साथ पेश गर्नुपर्ने अन्य आवश्यक कागजातहरु :** नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, उम्मेदवारको व्यक्तिगत विवरण, न्यूनतम शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, कार्य अनुभवको प्रमाणपत्रको प्रतिलिपि, प्राविधिक कार्यको लागि आवश्यक पर्ने व्यवसायिक प्रमाणपत्र (अनुमतिपत्र) तथा प्रचलित कानुन बमोजिम अन्य कागजातहरु।

**१०. दरखास्त दस्तुर बापतको रकम :** उम्मेदवारले कुमारी बैक, बागमती शाखामा बामगती गाउँपालिकाको आन्तरिक राजस्व खाता नं. ०७९००३४६९४२०००७ मा जम्मा गरि सक्कल भौचर दरखास्त फारम साथ पेश गर्नु पर्ने छ।

११. दरखास्त र आवश्यक कागजातहरु यस गाँउपालिकाको Email: bagmatigaupalika@gmail.com मा दस्तुर तिरेको भौचर सहित स्क्यान कपि सहित पेश गर्न सकिनेछ।

१२. अन्य कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ। विज्ञापन र पदपूर्ति सम्बन्धी जानकारी चाहिएमा यस गाउँपालिका गाउँ कार्यपालिकाको स्वास्थ्य शाखामा वा मोवाइल नं. ९८४०६८५६९८ वा ९८५१००५१४६ मा सर्म्पक गरी जानकारी लिन सकिने छ।

१३.स्थानीय तथा अनुभवीलाई प्राथमिकता दिइने छ।

१४. विज्ञापन भएका पदहरुको पाठ्यक्रम लोक सेवा आयोगले निर्धारण गरे बमोजिम हुने छ।

१५. दरखास्त साथ पेश गरेका कागजातहरु स्वंयम् निवेदकले प्रमाणित गरि पेश गर्नु पर्नेछ।

२०७७/०६/२३
खम्बराज राई
प्रमुख प्रशासकीय अधिकृत

**नोटः आवेदनको फारमको लागि यस बागमती गाँउपालिकाको वेभसाइट bagmatimunlalitpur.gov.np बाट डाउनलोड गर्न सकिनेछ।**

खम्बराज राई
प्रमुख प्रशासकीय अधिकृत